नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५०५ दायर मितिः-२०८१/०१/१३**

**फैसला मितिः-२०८१/०८/१०**

| वादी | प्रतिवादी |
|---|---|
| रिता कुमारीको जाहेरीले<br>नेपाल सरकार..........................१ | जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१९ बस्ने लालबाबु प्रसाद यादवको छोरा बर्ष ३८ को मनोज कुमार यादव............१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालीलाई गाली गलौज तथा लछार पछार गरी अभद्र व्यवहार गरेकोले प्रहरीले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालीलाई गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहारले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका मनोज कुमार यादव समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवदी मनोज कुमार यादवले जाहेरवालीसँग झै-झगडा अभद्र व्यवहार गरेको छैन भनि ईन्कारी बयान गरेता पनि मिति २०८०।१२।१९ गते अ.११:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१३ स्थित पर्सा जिल्ला अदालत गेट अगाडी सडकमा प्रतिवादी मनोज कुमार यादवले म उपर बहुबिवाह मुद्दा दर्ता गराएर के भयो भन्दै बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज तथा हातपात समेत गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी मनोज कुमार यादवलाई कैद दिन २४ र जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी मनोज कुमार यादवलाई ठहरेको कैद दिन २४ को हकमा निज मिति २०८०/१२/१९ देखि २०८१/०१/१२ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५१३/२०८१/०१/१३ दाखिला गरेको धरौटी रकम रु.२५०००/- बाट जरिवाना रकम रु.१००००/- कट्टी गर्नु र रु.१५०००/- प्रतिवादीलाई दिन लेखा शाखालाई पत्र लेख्नु ----------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

गणेश अर्याल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ मंसिर महिना १० गते सोमवार रोज २/ ने.सं. ११४५ कछलागा दशमी, शुभम् ........